# नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
# Nepal Administrative Staff College
*"...devoted to making differences positively."*

प.सं.PSTD 2079/80
च.नं.226/079/80

मितिः २०७९/०८/०९

ऊर्जा,जलस्रोत तथा सिंचाई मन्त्रालय,
सिंहदरबार,काठमाडौं।

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
सचिवज्यूको कार्यकक्ष
दर्ता नं.: ६६६
दर्ता मिति: २०७९।०८।१३

**विषय : सेवाकालीन प्रशिक्षण कार्यक्रममा सहभागी मनोनयन सम्बन्धमा**

नेपाल सरकार र सार्वजनिक निकायहरुमा कार्यरत अधिकृतहरुको क्षमता विकास गर्ने उद्देश्यका साथ प्रतिष्ठानले संचालन गर्दै आएको द्वितीय श्रेणी वा सो सरहका अधिकृतका लागि **Advanced Course on Management and Development (ACMD)** तथा तृतीय श्रेणी वा सो सरहका अधिकृतका लागि **Professional Course on Management and Development (PCMD)** विषयक प्रशिक्षण कार्यक्रम आ.व. २०७९/८० को वार्षिक कार्यतालिका अनुरूप संचालन हुने व्यहोरा जानकारी गराउँदछु। अधिकृतहरुको मूलभूत सक्षमता (core competencies) मा आधारित यस प्रशिक्षण कार्यक्रम भौतिक मोडालिटीमा (Physical Modality) संचालन हुनेगरी तय गरिएको छ । उक्त प्रशिक्षण कार्यक्रममा सहभागी हुनेगरी तहाँबाट संलग्न तालिका बमोजिम सचिव/ विशिष्ट श्रेणीको अधिकृतस्तरबाट मनोनयन गराई मनोनित अधिकृत (हरु)को नामावली मनोनयन फारम सहित मिति २०७९/०८/२१ गतेसम्म प्रतिष्ठानमा आइपुग्नेगरि पठाईदिनुहुन अनुरोध गर्दछु। प्राप्त नामावलीमध्येबाट तपसिलमा उल्लेख भएबमोजिमको आधारमा प्रतिष्ठानद्वारा मनोनयन स्वीकृत गरिने व्यहोरा समेत अनुरोध छ।

| क्र. स | प्रशिक्षण | सुरु हुने मिति | मानोनयन संख्या |
|---|---|---|---|
| १ | Professional Course on Management and Development | 9/4/2079 | १ |
| | | 9/11/2079 | १ |
| | | 9/18/2079 | १ |
| | | 9/25/2079 | १ |
| | | 10/2/2079 | १ |
| | | 10/9/2079 | १ |
| २ | Advanced Course on Management and Development | 9/14/2079 | १ |

मनोनयनका आधारहरु र सम्बन्धीत व्यवस्थाः

१. अधिकृत द्वितीय श्रेणीको कर्मचारीको हालको तह/ श्रेणीमा २०७९ कार्तिक मसान्तसम्म न्युनतम २ वर्षको सेवा अवधि र अधिकृत तृतीय श्रेणीको कर्मचारीको हालको तह/ श्रेणीमा ३ वर्षको सेवा अवधि पूरा भएको हुनुपर्नेछ।
२. हालको तहमा ३० कार्यदिन वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिम लिइसेकेका कर्मचारीहरु मनोनयनका लागि योग्य हुने छैनन्।
३. मनोनयन गर्दा संलग्न तालिका बमोजिमको कुन समूहमा सहभागी हुने हो सो स्पष्ट खुलाई पठाउनुपर्नेछ।
४. मनोनयनको स्वीकृति गर्दा द्विविधा भएमा ज्येष्ठतालाई आधार लिइनेछ।
५. तोकिएको मितिपछि प्राप्त हुन आएको मनोनयनमाथि कारवाही गरिनेछैन।

☐ श्री जलस्रोत महाशाखा
☐ श्री ऊर्जा महाशाखा
☐ श्री विकास सहायता तथा क्षेत्रीय समन्वय महाशाखा
☐ श्री कार्यक्रम, बजेट तथा अनुगमन महाशाखा
☐ श्री जल, मौसम तथा वातावरण महाशाखा
☐ श्री प्रशासन महाशाखा
☐ श्री कानून तथा फैसला कार्यान्वयन महाशाखा

जावलाखेल, ललितपुर, नेपाल, पो.ब.नं.: २१५२, फोन नं.: ५५२२००२, ५५२२१६०, ५५२३५१४, ५५२३५१७, फ्याक्स: ५५२४९०६
Jawalakhel, Lalitpur, Nepal, P.O.Box: 2152, Ph. No.: 5522002, 5522160, 5523514, 5523517, Fax: 5524906
Hello Nepal Administrative Staff College, Audio Notice Board No.: 1618-01-5522002,
E-mail: info@nasc.org.np, URL: www.nasc.org.np

# नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
# Nepal Administrative Staff College
*"...devoted to making differences positively."*


प.सं.

च.नं.

६. मनोनयन फारम प्रतिष्ठानको वेबसाइट www.nasc.org.np मा राखिएको छ। सम्बन्धित उम्मेदवारले प्रतिष्ठानको वेबसाइटमा राखिएको Updates मेनु भित्र Downloadable Forms मा गएर Long Training Nomination Form लिंकमा क्लिक गरी मनोनयन फारम डाउनलोड गर्न सक्नेछन्।

७. वैकल्पिक उम्मेद्वारहरुको व्यवस्था रहेको छैन। तसर्थ तोकिएको संख्या भन्दा बढी र वैकल्पिक भनी उल्लेख भएको मनोनयन माथि कारवाही गरिने छैन ।

८. मनोनयन स्वीकृतिको अधिकार सम्पूर्ण रुपमा प्रतिष्ठानमा निहित रहनेछ। मनोनयन स्वीकृतिको जानकारी प्रतिष्ठानको सूचना पाटी तथा वेबसाइट www.nasc.org.np मा राखिनेछ।

९. मनोनित कर्मचारीहरुको नामावली मनोनयन फारम सहित प्रतिष्ठानको इमेल **inservice@nasc.org.np** मा समेत पठाउन सकिनेछ।

सम्पर्कको लागि

..............................

सरोजा शाक्य
प्रशिक्षण तथा अनुसन्धान अधिकृत
९८५११६८०२५

..............................

स्मृति प्रधान
प्रशिक्षण तथा अनुसन्धान अधिकृत
९८४११७६०२२